This question paper consists of 32 questions and 8 printed pages.

Roll No. | | | | | | | | | | | | | Code No. 44/S/A/N

# नेपाली
# NEPALI
# (231)

Day and Date of Examination ____________________

Signature of Invigilators 1. ____________________

2. ____________________

---

सामान्य अनुदेश :

1 परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न–पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ ।

2 प्रश्न–पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न–पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न–पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस । प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ ।

3 वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर–पुस्तिकामा चिह्नित गर्नोस् ।

4 वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय–सीमा निश्चित छैन ।

5 उत्तर–पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ ।

6 उत्तर–पुस्तिकामा आफ्नो प्रश्न–पत्रको कोड नं. **44/S/A/N** लेख्नुहोस् ।

# नेपाली

# (231)

समय : **3** घण्टा | पूर्णाङ्क : **100**

निर्देश :

**1** सबै प्रश्नको उत्तर अनिवार्य छ ।

**2** सबै प्रश्नहरू ध्यानपूर्वक पढ्नुहोस् अनि उत्तर दिनुहोस् ।

**3** प्रश्न सङ्ख्या **1** देखि **12** सम्मका चार विकल्पहरूमध्ये सर्वाधिक उपयुक्त उत्तर आफ्नो उत्तर–पुस्तिकामा लेख्नुहोस् ।

**1** भानुभक्तले आफ्नो कवितामा के प्रतिज्ञा गरेका छन् ? **1**

(A) बाबुआमा पुज्नु (B) मानिसलाई विन्ति गर्नु

(C) कविता लेख्नु (D) सीताराम भज्नु

**2** मास्टर मित्रसेन थापाले कविता रचेका छन् **1**

(A) आफ्नो घरको अवस्थालाई लिएर

(B) आफ्नो धर्मको अवस्थालाई लिएर

(C) आफ्नो जातिको अवस्थालाई लिएर

(D) आफ्नो पहाडको अवस्थालाई लिएर

**3** कुन् प्रकारको कविता लेखनमा माधवप्रसाद घिमिरे प्रसिद्ध छन् ? **1**

(A) अन्तरराष्ट्रीय विषय आधारित

(B) राष्ट्रिय विषय आधारित

(C) जाति विषय आधारित

(D) लोकलयमा आधारित

4 अगमसिंह गिरीको जन्म कहिले भयेको थियो ? 1

(A) 1925 मा (B) 1926 मा

(C) 1927 मा (D) 1928 मा

5 'सिपाही' कथामा 'पत्थरको स्मारक' को अर्थ हो 1

(A) ढुङ्गा राख्नु (B) माइलस्टोन

(C) ढुङ्गाको नक्सा (D) शहीदहरूको स्मृतिमा बनाइएको मूर्ति

6 'जीवन र साहित्य' पाठ अनुसार जीवन केन्ले बनिएको छ ? 1

(A) अभावको प्रचुरताले (B) साहित्यको प्रचुरताले

(C) अनुभवको प्रचुरताले (D) जीवनको प्रचुरताले

7 "छिः छिः छिः जाबो कुकुरको लागि पनि यत्रो गन्थन ?" – यो वाक्य कसले भनेको हो ? 1

(A) सुखवीरले (B) प्रदीपले

(C) नोकरले (D) हरिबाजेले

8 'मृगतृष्णा' कथामा केलाई सत्य भनेको ? 1

(A) भ्रम (B) आत्मा

(C) जीवन (D) मरूभूमि

9 लामो कुरालाई कम्ती 2 छोटो बनाएर लेख्नु कलालाई भनिन्छ 1

(A) अनुच्छेद (B) सारांश

(C) निबन्ध (D) कथा

10 मुहावरा २ लोकोक्तिको प्रयोगले भाषा 1

(A) अप्रभावी हुन्छ
(B) प्रभावशाली हुन्छ
(C) वैज्ञानिक हुन्छ
(D) प्रामाणिक हुन्छ

11 "कंस वृत्तिलाई ध्वंश गराउने" – मा कुन अलङ्कार छ ? 1

(A) अनुप्रास
(B) यमक
(C) उत्प्रेक्षा
(D) उपमा

12 मूलभाव वा केंद्रीय भावको संक्षिप्त स्पष्टीकरणलाई भनिन्छ 1

(A) आशय
(B) व्याख्या
(C) भाव–विस्तार
(D) अनुच्छेद

13 निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर लेख्नोस् :

कुनै पति देश औ जातिका सांस्कृतिक चेतनाको स्पष्ट चित्र उसको आफ्नो भाषाको साहित्यमा देखिन्छ । समाज औ साहित्य एक – अर्कादेखि अभिन्न छन् । समाज बिना साहित्य रचना हुन सक्तैन । जसले साहित्यको सिर्जना गर्छ ऊ साहित्यकार हो । साहित्यकार समाज को एउटा अभिन्न अङ्ग हो । साहित्यकारले आफूले देखेका भोगेका, अनुभव गरेका कुराहरू नै आफ्ना रचनामा प्रस्तुत गर्छन् । साहित्यकारको जन्म जुन समाजमा भएको हुन्छ, त्यही समाजबाट उसले विविध प्रेरणा प्राप्त गरेको हुन्छ । समाजमा भएका राम्रा–नराम्रा कुराहरूबाट ऊ प्रभावित भएको हुन्छ, फलस्वरूप उसका रचनामा यी कुराहरू स्पष्ट रूपले प्रतिबिम्बित हुन्छन् । नेपाली समाजलाई सजिलै देख्न सकिने ऐना नै नेपाली साहित्य हो । साहित्यकार आफ्नो युगको प्रणेता हुन्छ । साहित्यमा उसको आफ्नो समाजको जीवन–स्पन्दन विद्यमान रहे को हुन्छ । यसै कारण साहित्यलाई हिन्दी साहित्यका उपन्याससम्राटका रूपमा प्रख्यात मुन्सी प्रेमचन्दले समाजको दर्पण हो भनेका छन् ।

निम्नलिखित प्रश्नहरूका ठीक उत्तर उत्तर–पुस्तिकामा लेख्नोस् :

(i) साहित्यको मूल आधार हो 1

(A) परिवार (B) समाज

(C) जाति (D) देश

(ii) कुनै देशको संस्कृतिको चित्रण हुन्छ 1

(A) परिवारमा (B) समाजमा

(C) साहित्यमा (D) विद्यालयमा

(iii) सांस्कृतिक चेतना भन्नाले के बुझिन्छ ? 1

(iv) साहित्य रचनालाई के आवश्यक छ ? 1

(v) साहित्यकार कहाँबाट प्रेरणा पाइन्छ ? 1

(vi) साहित्यकारले कसले प्रभावित गर्छ ? 2

(vii) नेपाली समाजको स्पष्ट चित्र कहाँ पाइन्छ ? 2

(viii) 'जीवन स्पन्दन विद्यमान' को अर्थ स्पष्ट गर्नुहोस । 2

(ix) उपर्युक्त अवतरण को एउटा समुचित शीर्षक लेख्नुहोस् । 2

14 निम्नलिखित पद्यांशलाई ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर लेख्नोस् :

हाम्रो भक्ति सधैं रहेर जननी श्रद्धा गरी ढोगुँला
हाम्रा भित्र हरेर कलमष सबै एकात्म भई बाँचुला ।
हामी एक भएर राष्ट्रहित एकीकरण ल्याउँला
अन्तरराष्ट्रिय क्षेत्रमा पनि पुगी सद्‌भावना पोखुँला ॥

(i) पहिलो पङ्क्तिमा कविको इच्छा छ 1

(A) व्यक्तिगत प्रेम (B) मातृप्रेम

(C) देशप्रेम (D) मातृप्रेम र देशप्रेम

(ii) 'कलमष' भनेको के हो ? 1

(A) कालो (B) कालिमा

(C) न राम्राभावनाहरू (D) पुण्य

(iii) पद्यांशको भावार्थ लेख्नोस् । 3

15 सगरमाथामा चढ़ी प्रकृति विजय गर्ने श्री तेग्जिङ्ग शेर्पाको साथी को थिए ? 1

16 'पद्मा' कथामा उल्लेखित 'मार्चिपोकाण्डी' कुन भारतीय भाषाको शब्द हो ? 1

17 ''तिस्की आओ हिमगिरि – कुना – कुन्दराको तपस्वी 1

आओ, आओ तरुण युगका स्वप्नद्रष्टा महर्षि ॥''

'स्वप्नद्रष्टा महर्षि' कसलाई भनिएको छ ?

18 '' 'धरपी दौडे' 'सिद्धि लुके' औ महानंद मुस्काए'' – यहाँ 'सिद्धि लुके' किन भनिएको छ ? 1

19 शब्द–चयन के – लाई भनिन्छ ? भाषा कति प्रकारका औ के – के हुन् ? 1+1

20 (क) निम्नलिखित कुनै दुइ शब्दहरूको सन्धि–विच्छेद गर्नोस् : 2

गोपेश्वर, तल्लीन, नीरस

(ख) कुनै **दुइको** समासको नाम लेख्नोस् : 2

दोभान, बाबु–आमा, युग–पुरुष

(ग) निम्नलिखित कुनै दुइ शब्दका एक–एक पर्यायवाची शब्द लेख्नोस् : 2

हावा, ईश्वर, आमा

21 निम्नलिखित कुनै दुइ वाग्धारालाई अर्थ खुलने गरी वाक्यमा प्रयोग गर्नोस् : 2

आँखा चिम्लनु, सुईंकुच्चा ठोक्नु, मनमा चीसो पस्नु

22 अनौपचारिक पत्रमा पत्र पठाउनेको नाम कहाँ लेखिन्छ ? 1

23 परीक्षाको समयमा गाउँमा बिजुली नहुँदा कस्ता–कस्ता समस्याहरूको सामना गर्न पर्छ, बुझाएर लेख्नोस् । 4

24 'गोरखाली जाति' कवितामा कविले के कुरामा विश्वास राखेका छन् ? स्पष्ट गर्नोस् । 5

25 नशालु पदार्थको सेवनले के कस्तो हानी पुऱ्याउँछ वर्णन गर्दै एक अनुच्छेद लेख्नोस् । 5

26 निम्नलिखित कुनै दुइ जोड़ी शब्दहरूलाई अर्थ खुलनेगरी वाक्यमा प्रयोग गर्नोस्: 4

नाड़ी / नारी, फूल / फुल, अर्ती / अर्थी

27 एउटा कोलोनीमा 800 मानिस रहने गर्छन् । यसमध्ये 400 जना मानिसहरू नौकरी गर्छन्, 200 जना आफनै व्यवसाय गर्छन्, 100 जना साना साना पसल चलाउछन् अनि रहल दैनिक खेताला छन् । यस विभाजनलाई पाई–चार्टमा प्रदेर्शित गर्नुहोस् । 5

28 'सिपाही' कथामा कथाकारले सिपाहीको कस्तो किसिमको चरित्र देखाई पाठकलाई प्रभावित पारेका छन् ? 5

29 निम्नलिखित वाक्यहरूलाई शुद्ध गरी लेख्नोस् : 5

(क) बाबु र आमा आयो ।

(ख) यो काम म भोली गर्छ ।

(ग) म खाना खायो ।

(घ) दाज्यूले मलाई बोलायो ।

(ङ) नेपाली भाषामा धेरै पुस्तक छ ।

**30** समाचार पत्रको महत्व बुझाउँदै दिनहुँ समाचार पत्र पढने सल्लाह दिई भाईलाई पत्र लेख्नोस् । **7**

**अथवा**

स्थानीय पुस्तक विक्रेतालाई केही पुस्तकहरू वी.पी.पी. द्वारा पठाइदिने अनुरोध गर्दै पत्र लेख्नोस् । **5**

**31** निम्नलिखित कुनै **एक** लोकोक्तिको भाव–विस्तार गर्नोस् (10-12 पङक्ति भित्र) **5**

(क) बाहिर रूमाले भित्र गुन्द्रुक उमाले

(ख) नमच्चिते पीडको सय झड़का

**32** निम्नलिखित कुनै **एक** विषयमाथि लगभग 200 शब्दभित्र निबन्ध लेख्नोस् : **10**

(क) भारतीय खेल २ खिलाड़ीहरू

(ख) पर्यावरण प्रदूषण

(ग) मेरो प्रिय रचनाकार

(घ) यदि म राष्ट्रपति भए ।